# बुटवल उपमहानगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
### बुटवल, रुपन्देही
### लुम्बिनी प्रदेश, नेपाल
## दरभाउपत्र आह्वानको सूचना
**प्रथम पटक प्रकाशित मिति २०७८/०४/१५**

१= बुटवल उपमहानगरपालिका उपमहानगरपालिका क्षेत्र भित्र संचालनमा रहेका सामुदायिक विद्यालयहरु र संस्थागत विद्यालयहरुमा शैक्षिक सत्र २०७८/०७९ देखि लागु हुने गरी कक्षा ६ देखि ८ सम्मको स्थानीय पाठ्यक्रममा आधारित हाम्रो बुटवल नामक पुस्तक छपाई तथा विक्री वितरण कार्य दरभाउपत्रको माध्यमबाट गराउनु पर्ने भएको हुँदा उक्त कार्य गर्न सम्बन्धित निकायबाट ईजाजत प्राप्त इच्छुक फर्म वा कम्पनीहरुबाट निम्न शर्तहरुको अधिनमा रही दरभाउपत्र पेश गर्नका लागि यो सूचना प्रकाशित गरिएको छ ।

| सि. न. | ठे.न. | कामको विवरण | धरौटी रकम रु | दरभाउपत्र दस्तुर रु | दरभाउपत्र अन्तिम दाखिला गर्ने मिति र समय | दरभाउपत्र खोल्ने मिति र समय |
|---|---|---|---|---|---|---|
| १ | 01/078/79/ BSMC/ Goods/SQ | कक्षा ६ देखि ८ सम्मको स्थानीय पाठ्यक्रममा आधारित पाठ्य पुस्तक छपाई तथा विक्री वितरण कार्य (स्पेसिफिकेशन बमोजिम) । | ३६,०००.०० वा ९० दिन म्याद भएको सो रकम बरावरको विडवण्ड । | १,०००.०० | मिति २०७८/०४/३१ गते दिनको १२.०० बजे | मिति २०७८/०४/३१ गते दिनको १३.०० बजे |

२= वोलपत्र दस्तुर तथा धरौटी रकम जम्मा गर्ने सम्बन्धि जानकारी ।

| | | |
|---|---|---|
| कार्यालयको नाम | बुटवल उपमहानगरपालिका नगरकार्यपालिकाको कार्यालय | |
| आन्तरिक राजश्व खाता नं. | ३१२०१००३०१०१००२ दरभाउपत्र दस्तुरको लागि | राष्ट्रिय वाणिज्य बैंक, बुटवल |
| कार्यालय कोड | ८०१०५४८०१ | |
| धरौटी खाता नं. | ३१२०१००३०३००००२ धरौटीको लागि | |

३= दरभाउपत्रदाताहरुले PPMO को Website http/www.bolpatra.gov.np मा भएको प्रावधान अनुसार दरभाउपत्र पेश गर्नुपर्नेछ ।

४= कुनै कारण जनाई वा नजनाई दरभाउपत्र स्वीकृत गर्ने/ आंशिक स्वीकृत गर्ने वा नगर्ने सम्पुर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।

५= दरभाउपत्रदाताले दरभाउपत्र फाराममा उल्लेखित स्पेसिफिकेशन अनुसारका पुस्तकहरु छपाई गरी नगर कार्यपालिकाको कार्यालयको स्वीकृत भएको अधिकतम दरमा नबढ्ने गरी स्थानीय पुस्तक तथा स्टेशनरी व्यवसायी मार्फत दरभाउपत्रदाता स्वयंले विक्री वितरणको व्यवस्था मिलाउनु पर्नेछ ।

६= दरभाउपत्रदाताले कबोल गरेको मूल्यमा (छपाई, ढुवानी, न्यूनतम १०% बिक्री कमिशन) लगायत सम्पूर्ण खर्च समावेश गरी नगर कार्यपालिकाको कार्यालयबाट स्वीकृत अधिकतम दरमा नबढ्ने गरी कक्षा ६, ७ र ८ को पुस्तकको दररेट पेश गर्नुपर्नेछ ।

७= पुस्तक बुटवल उपमहानगर क्षेत्र भित्रका कम्तिमा २० वटा पुस्तक तथा स्टेशनरी पसलहरुबाट विक्री वितरणको व्यवस्था मिलाउनु पर्नेछ ।

८= दरभाउपत्रदाताले स्वीकृत दरमा नबढ्ने गरी कम्तिमा दुई बर्ष सम्म नगर कार्यपालिकाको कार्यालयले आदेश दिएको परिमाणमा पुस्तक छपाई तथा विक्री वितरणको व्यवस्था मिलाउनुपर्नेछ ।

९= दरभाउपत्रदाताले सम्झौता गरेको १५ (पन्ध्र) दिन भित्र तोकिएको परिमाणमा पुस्तकहरु छपाई गरी अनिवार्य रुपमा बुटवल उपमहानगर क्षेत्र भित्रका पुस्तक तथा स्टेशनरी व्यवसायीलाई वितरण गर्नुपर्नेछ । साथै नगर कार्यपालिकाको कार्यालयले आदेश गरे बमोजिम बर्ष भरी नै पुस्तक वितरणको व्यवस्था मिलाउनु पर्नेछ । साथै सम्झौता गर्दा २५ महिनाको परफरमेन्स वण्ड पेश गर्नुपर्नेछ ।

१०=सार्वजनिक खरीद ऐन २०६३, (संसोधन सहित), बुटवल उपमहानगरपालिकाको सार्वजनिक खरिद नियमावली, २०७७ र अन्य प्रचलित नियम कानून अनुसार तोकिएको आधारहरु पुरा नभएको, रीत नपुगेको, म्यादभित्र दर्ता नभएको र यस सूचना एवं दरभाउपत्र सम्वन्धी कागजातमा उल्लेखित शर्तहरु पूरा नभएको दरभाउपत्रमा कुनै कारवाही हुनछैन ।

११=दरभाउपत्र सम्बन्धी अन्य कुरा बुझ्नु परेमा यस कार्यालयको शिक्षा शाखामा कार्यालय समय भित्र सम्पर्क गरी बुझ्न सकिनेछ ।

१२=प्रकाशित सूचना र टेण्डर डकुमेण्टका कुनै शर्त बाझिन गएमा सूचनामा प्रकाशित शर्त मान्य हुनेछ ।

बुटवल उपमहानगरपालिका
नगर कार्यपालिकाको कार्यालय